# तपाईंको अस्पतालले तपाईंको ख्याल राख्दछ



**तपाईंलाई बिल तिर्नमा सहायता चाहिएको छ भने हामीसँग कुरा गर्नुहोस्**

यदि तपाईंको बिमा कभरेज छैन भने, हामी तपाईंको अस्पतालको बिल घटाउने छौँ। तपाईं अन्य आर्थिक सहायताका लागि पनि योग्य हुन सक्नुहुन्छ। सबै जानकारी अत्यन्त गोप्य राखिन्छ। **हामीलाई भेट्नुहोस् वा हामीलाई 314-362-8400 वा 855-362-8400 मा फोन गर्नुहोस्।**

BJC ले स्वास्थ्य बिमा नगरेका वा अस्पतालको बिल तिर्नका लागि मद्दत चाहिने बिरामीहरूलाई सहयोग गर्न चाहन्छ। एक गैर-नाफामुखी स्वास्थ्य संस्थाको नाताले, BJC र हाम्रा सदस्य अस्पतालहरू र स्वास्थ्य संस्थाहरूले हामीले बृहत्तर स्वास्थ्य र उत्कृष्ट स्वास्थ्य सेवा मार्फत सेवा गर्ने बिरामी र समुदायहरूको बारेमा ख्याल राख्छौं।

हाम्रा कर्मचारीहरूले तपाईंलाई निम्न कुराहरूमा मद्दत गर्न सक्छन्:

- मार्केटप्लेस (Marketplace) मार्फत स्वास्थ्य बिमाका लागि आवेदन दिन
- मेडिकएड सहायताका लागि आवेदन दिन
- तपाईं BJC बाट आर्थिक सहायता प्राप्त गर्न योग्य हुनुहुन्छ कि हुनुहुन्न भनेर निर्धारण गर्न

**BJC आर्थिक सहायता**

पहिलो र मुख्य कुरा, तपाईंको आर्थिक परिस्थितिले तपाईंले प्राप्त गर्ने सेवालाई असर गर्ने छैन। सबै बिरामीहरूलाई सम्मानजनक र निष्पक्ष ढङ्गले व्यवहार गरिन्छ। निश्चित आय मार्गनिर्देशनहरू पूरा गर्ने बिरामीहरू अस्पताल शुल्कहरू र दीर्घकालीन, निर्ब्याजी भुक्तानी योजनाहरू लगायत BJC वित्तीय सहायताका लागि योग्य हुन सक्छन्। आर्थिक सहायताका लागि योग्य हुने बिरामीहरूलाई त्यस्तो सेवा कभर गर्ने बिमा गरेका व्यक्तिहरूलाई सामान्यतया बिल गरिने रकमभन्दा कम शुल्क लगाइने छ। सामान्यतया बिल गरिने रकम र यसको गणनाको बारेमा जानकारी 314-362-8400 वा 855-362-8400 मा कल गरेर वा www.bjc.org मा गएर प्राप्त गर्न सकिने छ।

यदि तपाईंको बिमा गरिएको छ र तपाईंको कभरेज वा तपाईंका लाभहरूको स्तरको बारेमा प्रश्न छन् भने, कृपया आफ्नो बिमकलाई सम्पर्क गर्नुहोस्। बिमा नगरेका बिरामीहरूले बिल गरिने शुल्कमा स्वतः 40 प्रतिशत छुट प्राप्त गर्ने छन् र सहायताका लागि योग्य हुन सक्ने छन्। सहायताको स्तरका आधारमा, आंशिक भुक्तानी गर्नुपर्ने हुन सक्छ। अनुरोध गरिएको खण्डमा हामी तपाईंलाई आर्थिक सहायता नीति आय र छुट तालिका उपलब्ध गराउन सक्छौँ, जसमा भुक्तानी गर्नुपर्ने रकमहरू दिइएको हुन्छ।

आर्थिक सहायता स्वीकृति स्वीकृत भएको मितिले 12 महिनासम्म लागू हुने छ। यस अवधिभित्र सेवाहरू लिने बिरामीहरूले हामीलाई 314-362-8400 वा 855-362-8400 मा कल गरेर भ्रमणको बारेमा जानकारी दिनुपर्छ ताकि आर्थिक सहायता लागू गर्न सकिने छ। आर्थिक सहायता योग्यता मापदण्डका अपवादहरूको बारेमा व्यक्ति-व्यक्तिलाई छुट्टाछुट्टै विचार गरिने छ।

**आर्थिक सहायताका लागि आवेदन**

तपाईंले सेवा प्राप्त गर्नु अघि, सेवा लिँदा वा त्यसपछि, तपाईंको प्रारम्भिक बिल जारी भएको 240 दिनसम्म कुनै पनि समयमा आर्थिक सहायताका लागि आवेदन दिन सक्नुहुन्छ। हामी सहायताका लागि कसरी आवेदन दिने भन्ने बारे जानकारी तपाईंको बिलसँग पठाउने छौँ। अनुरोध गरिएको खण्डमा आवेदनहरू कुनै पनि BJC सेवा केन्द्र, हाम्रा वेबसाइटहरू रwww.bjc.org. मा पनि उपलब्ध छन्। आवेदन दिनका लागि आयको प्रमाण चाहिन्छ जस्तै आयकर दाखिला वा तलब रसिद। आयको प्रमाणको रूपमा प्रयोग गर्न सकिने कागजातका उदाहरणहरूको सूची आवेदन फाराममा दिइएको छ।

*(अर्कोपट्टि)*

मेडिकएडमा सामेल भएका वा गत छ महिनामा गेटवे टु बेटर हेल्थ (Gateway to Better Health) का लागि योग्य मानिएका बिरामीहरू मेडिकएडले कभर नगर्ने मेडिकल सेवाहरूवापत आर्थिक सहायताका लागि स्वतः योग्य हुने छन् । (यदि पहिलेको मेडिकएड नामाङ्कनको कारण गर्भावस्था थियो भने मात्र अपवाद मानिने छ । त्यस्तो अवस्थामा, तपाईंले अझै पनि आर्थिक सहायताका लागि आवेदन दिन सक्नुहुन्छ ।)

त्यसका साथै, बिरामीको आर्थिक र/वा सामाजिक-आर्थिक स्थिति अनुमान गर्ने मानक विश्लेषणात्मक विधि अपनाएर सोको आधारमा बिरामीहरूलाई आर्थिक सहायताका लागि स्वीकृत गर्न सकिने छ । यस प्रकारको सहायताका लागि योग्य हुँदा उक्त बिरामी भविष्यमा आइपर्ने मेडिकल सेवाहरूमा सहयोगका लागि स्वतः योग्य हुने छैनन् ।

**आर्थिक सहायताका लागि मेडिकल योग्यता**

BJC अस्पतालहरूले आकस्मिक चिकित्सा उपचार तथा सक्रिय प्रसव ऐन (EMTALA) का मापदण्डहरू बमोजिम, भुक्तानी गर्ने क्षमता वा आर्थिक सहायताका लागि योग्यताको परवाह नगरी, यस्तो हेरचाह खोज्ने सबै बिरामीहरूलाई कुनै अपवाद विना, आकस्मिक मेडिकल अवस्थाहरूको हेरचाह प्रदान गर्ने छ ।

आर्थिक सहायता आकस्मिक र चिकित्सकीय हिसाबले अत्यावश्यक सेवाहरूका लागि मात्र उपलब्ध छ । यो कस्मेटिक सर्जरी जस्ता वैकल्पिक प्रक्रियाहरूमा लागू हुँदैन । बिमा कम्पनी वा सरकारी कार्यक्रम जस्ता तेस्रो पक्षले भुक्तानी गरेको तपाईंको सेवाहरूको अंशमा पनि यो लागू हुँदैन ।

आर्थिक सहायता मिजोरी र इलिनोइमा बस्ने बिरामीहरू र जहाँ बसे पनि National Health Service Corps (NHSC) सेवा केन्द्रहरूमा सेवा प्राप्त गर्ने सबै बिरामीहरूलाई उपलब्ध छ ।

NHSC सेवा केन्द्रहरूमा Missouri Baptist Sullivan Hospital Bourbon Medical Office, Cuba Medical Office, Steelville Medical Office र Sullivan Medical Office; अनि Parkland Health Center Medical Clinic पर्दछन् ।

BJC को आर्थिक नीति अन्तर्गत नसमेटिएका प्रदायकहरूको सूची 314-362-8400 वा 855-362-8400 मा फोन गरेर मगाउन वा at www.bjc.org मा गई विद्युतीय प्रति प्राप्त गर्न सकिने छ ।

**आर्थिक सहायताका लागि आयसम्बन्धी दिशानिर्देश**

तपाईंले प्राप्त गर्ने आर्थिक सहायता रकम अमेरिकी सरकारले प्रत्येक वर्ष तय गर्ने संघीय गरिबी स्तरको विवरणमा आधारित हुन्छ । छुटका लागि योग्य हुन, तपाईंको पारिवारिक आय संघीय गरिबी स्तरको तीन गुणा (300 प्रतिशत) भन्दा बढी हुनु हुँदैन । अनुरोध गरिएको खण्डमा हामी तपाईंलाई आर्थिक सहायता नीति आय र छुट तालिका उपलब्ध गराउन सक्छौं, जसमा यी आय स्तरहरू दिइएको हुन्छ । तपाईंको आयको अतिरिक्त, छुट निर्धारण गर्दा तपाईंको परिवारको आकारलाई पनि ध्यान दिइने छ । वार्षिक $100,000 भन्दा बढी पारिवारिक आय भएका बिरामीहरू परिवार संख्या जति भए पनि BJC आर्थिक सहायताका लागि योग्य हुने छैनन् । Alton Memorial Hospital, Memorial Hospital Belleville र Memorial Hospital East मा सेवा प्राप्त गर्ने बिमा नगरेका इलिनोइसवासीहरू इलिनोइस अस्पताल बिमारहित बिरामी छुट ऐन अन्तर्गत अतिरिक्त छुटका लागि योग्य हुन सक्छन् ।

**विनाशकारी घटनाहरूका लागि आयसम्बन्धी दिशानिर्देश**

विनाशकारी मेडिकल घटना घटेको अवस्थामा, सामान्यतया आर्थिक सहायताका लागि योग्य नहुन सक्ने बिरामीहरूलाई सहायता प्रदान गरिने छ ।

यस्ता विशेष परिस्थितिहरूमा, 12-महिने अवधिमा बिरामीले भुक्तानी गर्नुपर्ने रकम वार्षिक पारिवारिक आम्दानीको 20 प्रतिशत भन्दा बढी हुने छैन ।

## थप जानकारी प्राप्त गर्नुहोस्

तपाईंले बिरामी सेवा प्रतिनिधिसँग कुरा गरेर वा 314-362-8400 वा 855-362-8400 मा फोन गरेर BJC आर्थिक सहायता नीतिको बारेमा थप जानकारी र आवेदन फाराम प्राप्त गर्न सक्नुहुन्छ वा लिखित सूचना वा सञ्चार प्राप्त गर्नका लागि अनुरोध गर्न सक्नुहुन्छ । जानकारी र आवेदन फारामहरू www.bjc.org मा पनि उपलब्ध छन् । कृपया आर्थिक सहायताको बारेमा सोध्न नहिच्किचाउनुहोस् । हामी मद्दत गर्न तत्पर छौं ।

BJC Healthcare ले प्रचलित संघीय नागरिक अधिकार कानुनको पालना गर्दछ र जाति, रङ, राष्ट्रिय मूल, उमेर, असक्षमता वा लिङ्गको आधारमा भेदभाव गर्दैन ।

Atención: hay servicios de asistencia de idiomas disponibles a su disposición sin costo. Llame al 314-273-1487 (TTY: 1-800-735-2966).

注意：免费提供语言协助服务，如有需要敬请致电 314-273-1487 (TTY: 1-800-735-2966)。